# मदाने गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पुर्कोटदह, गुल्मी ।

प.सं : ०७५/०७६
च.नं :

मिति : २०७५/११/१५

### विषय : शोक वक्तव्य

आज दिउँसो १:३० बजे ताप्लेजुङ्ग जिल्ला फुङलिङ नगरपालिका -१० सिस्नेभिरमा एयर डाइनेस्टिक हेलिकोप्टर दुर्घटनामा परी माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र अधिकारीका साथै यति एयरलाइन्सका प्रबन्ध निर्देशक एवम् स्थापित पर्यटन उद्यमी श्री आङछिरिङ शेर्पा, नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक श्री वीरेन्द्रप्रसाद श्रेष्ठ, नागरिक उड्डयन प्राधिकरणका निर्देशक श्री ध्रुबदास भोछिभया, प्रधानमन्त्री कार्यालयका उपसचिव श्री युवराज दाहाल, पाइलट श्री प्रभाकर के.सी. र मन्त्री अधिकारीका अंगरक्षक नेपाली सेनाका जमदार श्री अर्जुन घिमिरेको दु:खद निधनले हामी मर्माहत र स्तब्ध भएका छौं ।

यस दुर्घटनाबाट मुलुकलाई अपुरणणीय क्षति भएको छ । मुलुकले जनता र विकासप्रति सदैव समर्पित, योग्य, होनहार, विकासप्रेमी, प्रचुर सम्भावना बोकेका भरोसायुक्त जनप्रतिनिधी र राष्ट्रसेवक कर्मचारी गुमाएको छ ।

नेपालको राजनीतिक आन्दोलनमा उहाँले पुर्‍याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै मदाने गाउँपालिका परिवार दिवंगत मन्त्री अधिकारीसहित सातै जनाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै दुर्घटनामा परी दिवंगत भएका सबै मृतकका शोकाकुल परिवार तथा आफन्तहरुप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

..........................
सुरेश भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

E-mail: ingo@madanemun.gov.np/gaupalikamadane@gmail.com
Website: www. gaupalikamadane.gov.np